# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८ चौमाला, कैलाली असार १० गते, सोमबार २०८१ साल, (संख्या ३)

## गौरीगङ्गा नगरपालिका विनियोजन ऐन, २०८१

**नगर सभाबाट स्विकृत मितिः २०८१।०३।१०**

प्रस्तावनाः गौरीगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गौरीगङ्गा नगरपालिका, नगर सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम "गौरीगङ्गा नगरपालिका विनियोजन ऐन, २०८० रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते वाट लागु हुनेछ ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा यस ऐनमा -

(क) “कार्यपालिका" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) "नगर सभा" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर सभा सम्झनुपर्छ

(ग) "वडा समिति" भन्नाले गौरीगङ्गा नगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(घ) "विषयगत शाखा भन्नाले गौरीगङ्गा नगरपालिका अन्तर्गतको शाखा, आयोजना, सचिवालय, कार्यालय तथा अन्य प्रशासनिक एकाइ समेत सम्झनुपर्छ ।

(ङ) "सञ्चित कोष" भन्नाले गौरीगङ्गा नगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

३. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०८१/०८२ को निमित्त गौरीगङ्गा नगरपालिका अन्तर्गतका सञ्चित कोषमा भार पर्ने व्यय अनुसूची -१ को (क) र नगरपालिका मार्फत कार्यान्वयन हुने बाह्यतर्फबाट प्राप्त हुने व्यय अनुसूची -१ (ख) बमोजिमका क्षेत्रहरू खर्च गर्न सकिनेछ ।

४ विनियोजन : (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को लागि गौरीगङ्गा नगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत विभाग वा शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजित गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा नपुग हुने शीर्षकमा विनियोजित रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी बचत हुने शीर्षकहरूबाट रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चहरूका एक उपशीर्षकबाट अर्को उपशीर्षकमा रकमान्तर गर्न सकिने र चालू खर्चतर्फ विनियोजित रकममा साँवा भुक्तानी खर्च, व्याज भुक्तानी खर्च, राजश्व फिर्ता खर्च र आम्दानी खर्च फिर्ता शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकमा रकमान्तर गर्न सकिनेछैन ।

तर, चालु खर्चबाट पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकमान्तर गर्नु परेमा नगर सभाको स्वीक्ति लिन् पर्नेछ ।

अनुसूची -१

(दफा ३ सँग सम्बन्धित)

(क) नेपालको संविधानको धारा २२९(२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

| सि.न. | शाखा | अनुमानित व्यय रु. |
|---|---|---|
| १ | प्रशासन शाखा | १५२८४१००० |

| | | |
|---|---|---|
| २ | शिक्षा शाखा | ७२४८८००० |
| ३ | स्वास्थ्य शाखा | १५०००००० |
| ४ | कृषि शाखा | १०००००००० |
| ५ | पशु विकास शाखा | १०७५०००० |
| ६ | महिला तथा वालबालिका विकास शाखा | ७०००००० |
| ७ | कानुन शाखा | १०५०००० |
| ८ | न्यायिक समिति | १९५०००० |
| ९ | भुमि व्यवस्थापन तथा सहकारी शाखा | ६३००००० |
| १० | राजश्व शाखा | ५००००० |
| ११ | विपद व्यवस्थापन शाखा | ५२००००० |
| १२ | बजार अनुगमन शाखा | ५००००० |
| १३ | पञ्जीकरण शाखा | १५०००० |
| १४ | पुर्वाधार शाखा | १२४५०००० |
| १५ | समपुरक कोष | १८८४१००० |
| १६ | सुचना प्रविधि शाखा | ८००००० |
| १७ | रोजगार शाखा | १५००००० |
| १८ | सबै वडाहरु | ८०००००००० |
| | जम्मा रु. | ३९७३२०००० |

(ख) नगरपालिकामार्फत कार्यान्वयन हुने बाह्यतर्फ आर्थिक वर्ष २०८१।०८२ को अनुमानित ब्यय

| क्र स | क्षेत्र | अनुमानित व्यय रु | कैफियत |
|---|---|---|---|
| १ | नेपाल, सरकार र प्रदेश सरकारबाट प्राप्त हने कार्यक्रमहरु | ५५७२५९००० | |
| | कुल जम्मा (क)+(ख) | ९५४५७९००० | |

आज्ञाले

धर्मराज बिनाडी

प्रमुख प्रशासकिय अधिकृत



गौरीगङ्गा राजपत्र